# नेसनल बोर्ड अफ मेडिकल स्पेसियालीटिज कार्यक्रम संचालन कार्यविधि, २०८१

चिकित्सा शिक्षा आयोग

**सानोठिमी, भक्तपुर**

**नेपाल**

कार्यकारी समितिबाट स्वीकृत मितिः २०८०/०५/०५

पहिलो संशोधन मितिः २०८१/०५/११

# <u>नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज</u>

## <u>बोर्ड परीक्षा सञ्चालन, व्यवस्थापन तथा उपाधिसम्बन्धी कार्यविधि, २०८०</u>

नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालित स्पेसियालिटी तथा सबस्पेसियालिटी तहका कार्यक्रममा भर्ना भएका रेजिडेन्ट फेलोहरूको मूल्याङ्कनलाई व्यवस्थित, वस्तुनिष्ठ, विश्वसनीय, एवम् स्तरीकृत गर्न, एनबिएमएस अन्तिम बोर्ड परीक्षा सञ्चालन गरी उपाधि प्रदान गर्न बाञ्छनीय भएकोले चिकित्सा शिक्षा आयोगको २०७७/०४/३० को निर्णयानुसारको अधिकार प्रयोग गरी कार्यकारी समितिले यो कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

### परिच्छेद - १

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** यो कार्यविधिको नाम **<u>नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्ड परीक्षा सञ्चालन, व्यवस्थापन तथा उपाधिसम्बन्धी कार्यविधि, २०८०</u>** रहेको छ। यो कार्यविधि कार्यकारी समितिबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोग" भन्नाले चिकित्सा शिक्षा आयोग सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्दछ ।

(घ) "बोर्ड"भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम (३०) बमोजिम गठित "नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज" सम्झनु पर्दछ ।

(ङ) "एनबिएमएस" भन्नाले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले चिकित्सा शिक्षा आयोगको कार्यकारी समिति सम्झनु पर्दछ ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तोकेबमोजिम सम्झनु पर्दछ ।

(ज) "स्पेसियालिटी" भन्नाले चिकित्सा शिक्षाको स्नातकोत्तर तह सरहको कार्यक्रम सम्झनु पर्दछ ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

(झ) "सबस्पेसियालिटी" भन्नाले Doctor of Medicine/ Magister of Chirurgiae/Post Graduate Sub Specialty Degree तह सरहको कार्यक्रम सम्झनु पर्दछ ।

(ञ) "पाठ्यक्रम समिति" भन्नाले विषयगत पाठ्यक्रम निर्माणको लागि बोर्डबाट गठित समिति सम्झनु पर्दछ।

(ट) "विषय समिति" (Subject Committee) भन्नाले बोर्डबाट गठित मेडिकल स्पेसियालिटिज, सर्जिकल स्पेसियालिटिज तथा डाइग्नोष्टिक स्पेसियालिटिज समिति सम्झनुपर्दछ ।

(ठ) "शिक्षण संस्था" भन्नाले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका कार्यक्रम सञ्चालन गर्ने संस्था सम्झनु पर्दछ ।

(ड) "फ्याकल्टी" भन्नाले बोर्डबाट सञ्चालित कार्यक्रम सञ्चालन गर्ने संस्थामा अध्यापन कार्यमा संलग्न बोर्डबाट सत्यापन गरिएका शिक्षक फ्याकल्टी सम्झनु पर्दछ ।

(ढ) "प्राज्ञिक एकाइ (Academic Unit)" भन्नाले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ८(१) मा तोकिएबमोजिमको शिक्षकहरूको समूहलाई सम्झनुपर्दछ ।

(ण) "Convenor" भन्नाले बोर्ड परीक्षा सञ्चालन गर्नका लागि परीक्षा समितिका सदस्यहरू मध्येबाट तोकिएका समन्वयकर्ता सम्झनुपर्दछ ।

(त) रेजिडेन्ट फेलो (Resident Fellow) भन्नाले NBMS कार्यक्रम अन्तर्गत स्पेसियालिटी तथा सबस्पेसियालिटी तहमा भर्ना भई अध्ययनरत विद्यार्थी सम्झनुपर्दछ ।

## परिच्छेद - २

## <u>विषय समितिसम्बन्धी व्यवस्था</u>

**३. <u>विषय समिति</u> (Subject Committee) :**

१. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सर्जिकल स्पेसियालिटिज, मेडिकल स्पेसियालिटिज र डायग्नोष्टिक स्पेसियालिटिज गरी तीनवटा विषय समितिहरू रहनेछन ।विषय समितिको गठन देहायबमोजिम हुनेछ

(क) एनबिएमएस कार्यक्रम सञ्चालन भएका संस्थाका विषयगत संयोजकहरूमध्येबाट एकजना -संयोजक

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

(ख) फ्याकल्टीहरूमध्येबाट तीनजना -सदस्य

(ग) सम्बन्धित क्षेत्रका विज्ञहरूमध्येबाट दुईजना -सदस्य

(घ) बरिष्ठ अधिकृत, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज -सदस्य सचिव

२. विषय समितिमा मनोनित हुने संयोजक तथा सदस्यहरूको मनोनयन बोर्डको सिफारिसमा कार्यकारी समितिबाट हुनेछ ।

३. विषय समितिका संयोजक तथा सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

४. विषयसमितिको बैठक कम्तिमा ३ महिनामा १ पटक वा आवश्यकताबमोजिम बस्न सक्नेछ ।

५. विषयसमितिको बैठक भत्ता तथा अन्य सुविधा आयोगको प्रचलित आर्थिक नियमानुसार उपलब्ध गराइनेछ ।

६. विषय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

(क) एनबिएमएस कार्यक्रम सञ्चालनका लागि स्वीकृति प्राप्त विषयहरूको पठनपाठन सञ्चालन गर्नका लागि कार्यतालिका तयार गरी कार्यान्वयन गराउने ।

(ख) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट सञ्चालित स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा भर्ना भएका रेजिडेन्ट फेलोहरूको शोधपत्रको प्रस्ताव तथा शोधपत्र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने।

(ग) एनबिएमएस कार्यक्रमको Internal Assessment तथा बोर्ड परीक्षा सञ्चालनका सन्दर्भमा आवश्यकता अनुसार समन्वय गरी कार्य गर्ने

(घ) आवश्यकतानुसार एनबिएमएस परीक्षा समिति तथा अन्य समितिहरूसँग समन्वय गर्ने ।

(ङ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका नयाँ विषयका पाठ्यक्रम निर्माण तथा सञ्चालनमा रहेका पाठ्यक्रम परिमार्जनका लागि आवश्यक समन्वय गरी काम गर्ने।

(च) एनबिएमएस कार्यक्रम सञ्चालन भएका विषयका प्राज्ञिक एकाइहरूसँग (Academic Unit) समन्वय गरी पठनपाठन तथा अन्य विषयमा आइपरेका समस्या समाधानका लागि सहजीकरण गर्ने ।

(छ) सम्बन्धित विषय समिति अन्तर्गतका एनबिएमएस कार्यक्रम तथा E-Logbook को नियमित अनुगमन गर्ने ।

(ज) बोर्डको निर्देशन अनुसारका अन्य कार्यहरू गर्ने ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

७. विषय समितिका सदस्यहरूले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा पदअनुसारको आचरण पालना नगरेमा बोर्डको अध्यक्षको सिफारिसमा कार्यकारी समितिले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ तर पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिनेछैन ।

## परिच्छेद - ३

## रेजिडेन्टहरूको मूल्याङ्कन सम्बन्धी व्यवस्था

### ६. रेजिडेन्ट फेलोको मूल्याङ्कनः

(१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका रेजिडेन्ट फेलोहरूको मूल्याङ्कन देहायका आधारमा गरिनेछ ।

१.१ आन्तरिक मूल्याङ्कन (Internal Assessment)

१.२ बोर्ड परीक्षा (Final Board Examination)

(२) सैद्धान्तिक र प्रयोगात्मक परीक्षामा छुट्टाछुट्टै पचास प्रतिशत अङ्क ल्याई उत्तीर्ण हुनुपर्नेछ ।

२.१ रेजिडेन्ट फेलोको आन्तरिक मूल्याङ्कन अर्धवार्षिक रूपमा गरिनेछ। अन्तिम बोर्ड परीक्षामा योग्य हुनका लागि आन्तरिक मूल्याङ्कनमा कम्तिमा पचास प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ तर आन्तरिक परीक्षाको अङ्कभार अन्तिम परीक्षामा जोडिने छैन ।

२.२ रेजिडेन्ट फेलोको सैद्धान्तिक र अन्तिम बोर्ड परीक्षाका लागि प्रयोगात्मक मूल्याङ्कन तथा परीक्षाको ढाँचा र अङ्कभार अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछ ।

२.३ बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका रेजिडेन्ट फेलोहरू दश वर्षभित्रमा बढीमा पाँच पटक मात्र अन्तिम परीक्षामा सहभागी हुन पाउनेछन् ।पाँचौं पटकमा पनि उत्तीर्ण हुन नसकेमा भर्ना भएको कार्यक्रमबाट स्वतः निष्काशित भएको मानिनेछ । तर पुनः एकीकृत प्रवेश परीक्षामा सहभागी भई नयाँ भर्ना हुनका लागि बाधा पर्नेछैन ।

+ (३) थेसिस तथा पब्लिकेशनको मूल्याङ्कन

३.१ एनबिएमएस बोर्ड परीक्षामा सहभागी हुने रेजिडेन्टहरूले आफूले गरेको थेसिस, बोर्ड परीक्षा हुनुभन्दा ६ महिना अगाडि सम्बन्धित शिक्षण संस्थाको प्राज्ञिक एकाइबाट प्रमाणित गरी नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा बुझाउनुपर्नेछ ।नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले स्पेसियालिटी तहका हकमा External बाट रिभ्यू तथा स्वीकृत गर्ने र सब

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

स्पेसियालिटी तहका हकमा External बाट रिभ्यू गराई विषय समिति मार्फत थेसिसको डिफेन्स गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

३.२ रेजिडेन्टहरूले अध्ययन अवधिभरमा प्रकाशन गर्नुपर्ने वैज्ञानिक लेखका सम्बन्धमा सम्बन्धित प्राज्ञिक एकाइबाट प्रमाणित गरी नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा पेस गर्नुपर्नेछ। बोर्डले विषय समिति मार्फत मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

३.३ अध्ययन अवधिभरमा रेजिडेन्टहरूले प्रकाशन गर्नुपर्ने वैज्ञानिक लेखका सम्बन्धमा Index/Peer Reviewed Journal मा प्रकाशित भएको वा प्रकाशनका लागि स्वीकृत भएको लेख मान्य हुनेछ । स्पेसियालिटी तहका हकमा Case Report लाई पनि मान्यता दिइनेछ ।

३.४ रेजिडेन्टहरूले नियमित रूपमा अध्यावधिक गर्नुपर्ने इ-लगबुकका सम्बन्धमा, सम्बन्धित विषयको प्राज्ञिक एकाइबाट प्रमाणित भएपश्चात E-logbook Central Monitoring Unit(CMU)/विषय समितिबाट मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद - ४

## परीक्षा सञ्चालन तथा व्यवस्थापन

⁎ ७. <u>नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज परीक्षा उपसमिति</u>

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत रहेर परीक्षा सम्बन्धी प्राविधिक तथा प्रक्रियागत काम गर्ने प्रयोजनका लागि नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका निर्देशकको अध्यक्षतामा देहायबमोजिमको उपसमिति रहनेछ ।

(क) निर्देशक एनबिएमएस -अध्यक्ष

(ख) चिकित्सा शिक्षा आयोग परीक्षा निर्देशनालयका निर्देशक -सदस्य

(ग) एनबिएमएस कार्यक्रम सञ्चालन गर्ने संस्थाहरू मध्येबाट Surgical, Medical तथा Diagnostic Specialties का विषय समितिका संयोजकहरू तीनजना -सदस्य

(घ) परीक्षासम्बन्धी अनुभव हासिल गरेका चिकित्सा शिक्षा क्षेत्रका विज्ञहरूमध्ये अध्यक्षको सिफारिसमा कार्यकारी समितिबाट मनोनित एक जना -सदस्य

(च) बरिष्ठ अधिकृत, नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज -सदस्य सचिव

(२) मनोनित सदस्यहरूको पदावधि चार बर्षको हुनेछ ।

⁎पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

(३) मनोनित सदस्यले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेमा वा पद अनुसारको आचरण पालना नगरेमा संयोजकको सिफारिसमा कार्यकारी समितिले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ तर यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिईनेछ ।

(४) परीक्षा उपसमितिका अध्यक्षले सदस्यहरू मध्येबाट परीक्षामा दक्षता भएका कुनै एक सदस्यलाई Convenor (समन्वयकर्ता) तोक्न सक्नेछन् । Convenor (समन्वयकर्ता) को पदावधि तोकिएको एक परीक्षा अवधिका लागि मात्र हुनेछ ।

(५) परीक्षा उपसमितिले आफ्नो कार्यविवरण आफै निर्धारण गर्न सक्नेछ ।

(६) परीक्षा उपसमितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(७) परीक्षा उपसमितिको बैठकभत्ता तथा अन्य सुविधा आयोगको प्रचलित नियमानुसार हुनेछ ।

* ८. **परीक्षा सम्बन्धी काम गर्न गठित उपसमितिको काम, कर्तव्य र अधिकारः**

(१) परीक्षा सम्बन्धी काम गर्न गठित उपसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रश्नपत्र मोडरेशन तथा छपाईसम्बन्धी प्रक्रिया तय गर्ने,

(ख) परीक्षामा संलग्न हुने जनशक्ति व्यवस्थापन सम्बन्धी काम गर्ने,

(ग) परीक्षामा संलग्न हुने जनशक्ति र परीक्षार्थीले पालना गर्नुपर्ने आचारसंहिता तयार गर्ने,

(घ) परीक्षामा खटिने पर्यवेक्षकहरूको सूची तयार गर्ने,

(च) परीक्षा सञ्चालन व्यवस्थापन तथा अनुगमन निरीक्षण सम्बन्धी कार्य गर्ने,

(छ) बोर्ड परीक्षाको नतिजा तयार गर्ने,

(ज) पुनर्योगको नतिजा तयार गर्ने,

(ञ) बोर्ड परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

९. **परीक्षाको आवेदन सम्बन्धी व्यवस्थाः**

* (१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको निर्णयानुसार अन्तिम बोर्ड परीक्षाको आवेदन सम्बन्धमा देहायका विवरण खुलाई आयोगको वेबसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(क) परीक्षाको तह, कार्यक्रम र विषय

(ख) बोर्ड परीक्षामा सहभागी हुनका लागि चाहिने न्यूनतम योग्यता

(ग) बोर्ड परीक्षा शुल्क

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

(घ) परीक्षाको किसिम

(ङ) परीक्षाको समयतालिका

(च) आवेदन दिने अन्तिम मिति

(छ) परीक्षासम्बन्धी अन्य आवश्यक विषय

(३) एनबिएमएस बोर्ड परीक्षाको आवेदन शुल्क वा परीक्षा तथा पुनः परीक्षा शुल्क परीक्षा समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) एनबिएमएस बोर्ड परीक्षाको आवेदन फारमको नमूना अनुसूची-२ बमोजिम हुनेछ ।

**१०. अन्तिम परीक्षामा सहभागी हुनका लागि पूरा गर्नुपर्ने मापदण्डः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज बोर्ड परीक्षामा सहभागी हुनका लागि रेजिडेन्ट फेलोहरूले देहाय बमोजिमका मापदण्ड पुरा गरेको हुनुपर्नेछः

(क) सम्बन्धित संस्थाको प्राज्ञिक ईकाइबाट पाठ्यक्रमले तोकेबमोजिमका सक्षमता (Competencies) पूरा गरेको भनी प्रमाणित भएको हुनुपर्नेछ ।

(ख) अध्ययन अवधिभरको कम्तिमा ९० प्रतिशत हाजिरी भएको हुनुपर्नेछ ।

(ग) आन्तरिक मूल्याङ्कनमा कम्तीमा पचास प्रतिशत अंक प्राप्त गरेको हनुपर्नेछ ।

(घ) आन्तरिक र बाह्य पोष्टिङ (Internal and External Rotational Posting) पूरा गरेको हुनुपर्नेछ।

(ङ) पाठ्यक्रमले तोकेका अनिवार्य तालिम(Mandatory Training) पूरा गरेको हुनुपर्नेछ ।

(च) थेसिस तथा इ-लगबुक प्रमाणित भएको हुनुपर्नेछ ।

(छ) अनुसन्धानात्मक लेख प्रकाशित/स्वीकृत भएको हुनुपर्नेछ ।

(ज) तोकेबमोजिमको परीक्षा दस्तुर बुझाएको हुनुपर्नेछ ।

(झ) प्रचलित कानुनबमोजिम गर्नुपर्ने अन्य कार्यहरू पुरा गरेको हुनुपर्नेछ ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

## परिच्छेद - ५

### प्रश्नपत्र निर्माण तथा छपाई

**११. विज्ञ सूची तयार गर्नेः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले बोर्ड परीक्षा सञ्चालन गर्ने प्रयोजनार्थ प्रश्नपत्र निर्माणका लागि विज्ञहरूको सूची तयार गर्नेछ। नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट निर्धारित मापदण्डका आधारमा विज्ञहरूको सूची तयारी तथा अध्यावधिक गरिनेछ । सूचिकृत विज्ञबाट आवश्यकताअनुसार प्रश्नपत्र निर्माण गरिनेछ ।

(२) सूचिकृत विज्ञहरूले आयोगद्धारा निर्धारित आचारसंहिता पालना गर्नुपर्नेछ ।

**१२. प्रश्नपत्र बैंकः-**

(१) *नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले प्रश्नपत्र निर्माण सम्बन्धी कार्यशाला सञ्चालन गरी प्रत्येक विषयका कोरा प्रश्नपत्र निर्माण गर्न लगाई प्रश्नपत्र बैकको स्थापना गर्नेछ ।

(२) प्रश्नपत्र निर्माण गर्ने विज्ञले उत्तरकुञ्जिका(Answer Key) समेत तयार पार्नुपर्नेछ ।

(३) प्रश्नपत्र निर्माण गर्दा विशिष्टिकरण तालिकाको (Specification Grid) प्रयोग गर्नुपर्नेछ।

(४) एनबिएमएस निर्देशनालयले प्रश्नपत्र निर्माणमा संलग्न हुने विज्ञलाई सो सम्बन्धी अनुरोध पत्रका साथ निर्देशन र कबुलियतनामा समेत संलग्न राखी पत्राचार गर्नुपर्नेछ ।

(५) विज्ञले तयार गरेका कोरा प्रश्नपत्र बुझाउँदा Hard Copy र Pass word Protected Soft Copy समेत सिलबन्दी लाहाछाप सहित गोपनियताका साथ निर्देशकलाई बुझाउनुपर्दछ ।

**१३. प्रश्नपत्र परिमार्जन (Moderation)**

* (१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका निर्देशकले सम्बन्धित विषय विज्ञ सम्मिलित देहायबमोजिमको विषयगत उपसमिति गठन गरी प्रश्नपत्र परिमार्जनको कार्य गराउन सक्नेछन् ।

(क) बोर्डका निर्देशक -संयोजक

(ख) सम्बन्धित विषयविज्ञहरू -सदस्य

(ग) बरिष्ठ अधिकृत नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज -सदस्य सचिव

(२) निर्देशनालयले स्वीकृत आचारसंहिता पालना र गोपनियता सुनिश्चित हुनेगरी विज्ञहरूलाई कोरा प्रश्नपत्रको सिलबन्दी खाम तथा सफ्टकपीलाई विषयगत कोड अनुसार छुटयाउन

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

लगाउने र छुट्टयाइसकेका प्रश्नपत्रका सिलबन्दी खामहरू परीक्षा समितिका संयोजक र एनबिएमएस निर्देशनालयका अधिकृत स्तरका कर्मचारीको रोहबरमा खोली बिषय कोड अनुसार कम्प्युटर टाइप गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) विषयगत उपसमितिले सम्बन्धित विज्ञलाई आमन्त्रण गरी उपदफा (२) बमोजिम तयार गरिएका प्रश्नपत्र मध्येबाट आवश्यकता भन्दा दोब्बर संख्यामा प्रश्नपत्र परिमार्जन गरी कम्प्युटर टाइप गर्न लगाउनुपर्दछ ।

(४) विषयगत उपसमितिबाट प्रश्नपत्रको परिमार्जन कार्य सम्पन्न भएपछि पाठ्यक्रम अनुसार भएनभएको सम्बन्धमा निर्देशकको निर्देशन र नियन्त्रणमा विषयगत उपसमितिले पुन रूजू गरी प्रत्येक सेट प्रश्नपत्र छुट्टाछुट्टै खाममा सिलबन्दी गरी विषयगत कोड उल्लेख गरी दुबै सेट एउटै खाममा राखी पुनः शिलबन्दी गरी निर्देशक समक्ष पेश गर्नुपर्नेछ ।

* (५) तयार गरिएका प्रश्नपत्रमध्येबाट कार्यकारी समिति तथा नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका गरी कम्तिमा तीनजना सदस्यको रोहवरमा गोलाप्रथाबाट एक सेट प्रश्नपत्र छनोट गर्नुपर्नेछ।विशेष कारणवश कुनै परीक्षाकेन्द्रमा मात्र पुन परीक्षा सञ्चालन गर्नुपर्ने अवस्था आउन सक्ने कुरालाई मध्यनजर गरी प्रश्नपत्रको एक समानान्तर सेट समेत तयार गर्नुपर्नेछ ।

१४. <u>प्रश्नपत्र छपाई</u>:-

(१) निर्देशकले तोकेका कर्मचारीबाट प्रश्नपत्र छपाई तथा प्याकेजिङको कार्य सम्पन्न गरी विषयगत रूपमा छुट्टाछुट्टै सिलबन्दी प्याकेट बनाइ प्रत्येक परीक्षाकेन्द्रका लागि अलग अलग बाकसमा सिलबन्दी गरी सुरक्षित तरीकाले परीक्षा सञ्चालन हुने दिनसम्म परीक्षा केन्द्रमा पुऱ्याउने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) प्रश्नपत्र छपाइको क्रममा रहेका काम नलाग्ने कागजातहरू र यससँग सम्बन्धित अन्य कागजातहरू यथाशिघ्र नष्ट गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद - ६

## परीक्षा सञ्चालन तथा उत्तरपुस्तिका परीक्षण

१५. परीक्षकको व्यवस्था:-

* (१) बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा भर्ना भएका रेजिडेन्ट फेलोहरूको मूल्याङ्कनका लागि हरेक विषय वा विधामा कम्तिमा चार जना परीक्षक अनिवार्य हुनेछन् ।नेसनल बोर्ड

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

अफ मेडिकल स्पेसियालिटिजले कार्यकारी समितिसँग समन्वय गरी स्वदेश वा विदेशबाट परीक्षक चयन गर्न सक्नेछ ।

(२) परीक्षक हुनका लागि सिनियर फ्याकल्टी तह सरहको योग्यता पुगेको विज्ञ हुनुपर्नेछ। स्पेसियालिटी/सबस्पेसियालिटी तहको परीक्षामा संलग्न भइसकेको फ्याकल्टी (शिक्षक) लाई रेजिडेन्ट फेलोको मूल्याङ्कनका लागि प्राथमिकता दिइनेछ ।

(३) प्रत्येक पटक सञ्चालन हुने बोर्ड परीक्षाका लागि परीक्षा समितिले कुनै एक सदस्यलाई कन्भेनरको रूपमा जिम्मेवारी प्रदान गर्नेछ ।नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तयार पारेको आचारसंहिता भित्र रहेर कन्भेनरले परीक्षा सञ्चालन सम्बन्धी जिम्मेवारी पूरा गर्नुपर्नेछ । कन्भेनरको काम कर्तव्य तथा अधिकार नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तोकेबमोजिम हुनेछ ।

(५) परीक्षक तथा कन्भेनरको पारिश्रमिक तथा अन्य सुविधा आयोगको स्वीकृत नर्म्स तथा प्रचलित कानूनबमोजिम हुनेछ।

१६. <u>परीक्षा केन्द्र</u> :-

*(१) एनबिएमएस बोर्ड परिक्षा सञ्चालन गर्ने प्रयोजनका लागि नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले NBMS Affiliated Institute हरू मध्येबाट वा आवश्यकता अनुसार अन्य स्थानमा परीक्षा केन्द्र चयन गर्न सक्नेछ ।

(२) सबै विषयका परीक्षा एउटै केन्द्रमा वा Surgical/Medical /Diagnostic Specialties का लागि छुट्टाछुट्टै केन्द्र तोकी परीक्षा सञ्चालन गर्न सकिनेछ ।

(३) परीक्षा सम्पन्न भएपछि गोप्य तथा सुरक्षित तवरले उत्तरपुस्तिका यथाशिघ्र NBMS निर्देशनालय वा तोकिएको स्थानमा बुझाउनुपर्नेछ ।

* (४) परीक्षा केन्द्रसम्बन्धी अन्य व्यवस्था नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले निर्धारण गरेबमोजिम हुनेछ ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

*१७. <u>जनशक्ति व्यवस्थापन</u>:-

परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले आवश्यकताअनुसार जनशक्ति खटाउनेछ ।परीक्षा सञ्चालनमा खटिने जनशक्तिले पालना गर्नुपर्ने आचारसंहिता नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तोकेबमोजिम हुनेछ ।

१८. <u>उत्तर पुस्तिका परीक्षण</u>:

(१) लिखित, प्रयोगात्मक तथा मौखिक परीक्षा सम्पन्न भए पश्चात निर्देशनालयले उत्तरपुस्तिका कोडिङ तथा डिकोडिङ गरी सुरक्षित, मर्यादित र गोप्य तरिकाले उत्तरपुस्तिका परीक्षण/संपरीक्षण गर्ने व्यवस्था मिलाउनेछ।

* (२) उत्तरपुस्तिका परीक्षण गर्ने विज्ञले नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले तयार पारेको आचारसंहिता भित्र रहेर परीक्षण गर्नुपर्नेछ।

(३) उत्तरकुञ्जिकालाई आधार मानी उत्तरपुस्तिका परीक्षण गर्नुपर्नेछ ।

## परिच्छेद - ७

## <u>नतिजा प्रकाशन तथा पुनर्योग</u>

१९. <u>नतिजा प्रकाशन</u>:

(१) उत्तरपुस्तिका परीक्षणको कार्य सम्पन्न भएपश्चात परीक्षकले सैद्धान्तिक (लिखित), प्रयोगात्मक तथा मौखिक परीक्षाको प्राप्ताङ्कको तालिकीकरण गरी नतिजा तयार गर्नुपर्नेछ।

(२) परीक्षकले तयार पारेको नतिजा कन्भेनरले प्रमाणित गरी नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा पेश गर्नुपर्नेछ ।नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको निर्णयानुसार आयोगको वेबसाइट मार्फत नतिजा सार्वजनिक गर्नुपर्नेछ ।

(३) बोर्ड परीक्षामा उत्तीर्ण रेजिडेन्ट फेलोहरूलाई उपलब्ध गराइने ट्रान्सक्रिप्टको नमूना अनुसूची -२ बमोजिम हुनेछ।

२०. <u>पुनर्योग</u>:-

(१) प्रकाशित नतिजा उपर चित्त नबुझ्ने उम्मेदवारले पुनर्योगको लागि रू १०००।- दस्तुर तिरी नतिजा प्रकाशन भएको मितिले सात दिन भित्र नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा निवेदन दिनुपर्नेछ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

* (२) निर्देशकले परीक्षा उपसमितिको सदस्यको संयोजकत्वमा कम्तीमा तीनजना विज्ञ सम्मिलित पाँच सदस्यीय पुनर्योग उपसमिति गठन गरी निवेदन दिने म्याद समाप्त भएको सात दिनभित्र पुनर्योगको नतिजा प्रकाशन गर्नेगरी तयारी गर्नुपर्नेछ ।

(३) पुनर्योगको निवेदन ढाँचा अनुसूची - ३ बमोजिम हुनेछ ।

## परिच्छेद - ८

## उपाधि तथा मान्यता

**२१.उपाधिको नामाकरणः**

(१) नेसनल बोर्ड अन्तर्गत सञ्चालन हुने स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रममा भर्ना भई एनबिएमएस बोर्ड परीक्षामा उत्तीर्ण भएका रेजिडेन्ट फेलोहरूलाई आयोगबाट राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा छ (झ) बमोजिम उपाधि प्रदान गरिनेछ । उपाधिको नमूना अनुसूची-५ बमोजिम हुनेछ ।

* (२) स्पेसियालिटी तहको कार्यक्रम स्नातकोत्तर तह (MD/MS) सरहको हुनेछ । यस कार्यक्रममा उत्तीर्ण रेजिडेन्ट फेलोलाई NBMS Specialty को उपाधि प्रदान गरिनेछ ।उदाहरणका लागि रेडियोलोजी विषयका लागि (NBMS — Radiology), जनरल सर्जरीका लागि (NBMS — General surgery)

* (३) सबस्पेसियालिटी तहको कार्यक्रम स्नातकोत्तर तहभन्दा माथिको Doctor of Medicine/ Magister of Chirurgiae/Post Graduate Sub Specialty Degree तहका कार्यक्रम सरहको हुनेछ। यस कार्यक्रममा उत्तीर्ण रेजिडेन्ट फेलोलाई NBMS Sub Specialty को उपाधि प्रदान गरिनेछ। उदाहरणका लागि Critical Care Medicine विषयका लागि (NBMS Sub Specialty -Critical Care Medicine), GI Surgery विषयका लागि (NBMS Sub Specialty-GI Surgery)

*पहिलो संशोधनद्वारा संशोधित
+पहिलो संशोधनद्वारा थप

## परिच्छेद - ९

## दीक्षान्त समारोह सम्बन्धी व्यवस्था

**२२. उपाधि प्रदान गर्न दीक्षान्त समारोह आयोजना गरिने :-**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको अन्तिम बोर्ड परीक्षामा सहभागी भई उत्तीर्ण भएका रेजिडेन्ट फेलोहरूलाई राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा ६ (झ) मा उल्लेख भएबमोजिमको उपाधि प्रदान गर्नका लागि दीक्षान्त समारोहको आयोजना गरिनेछ।

* (२) एनबिएमएस अन्तर्गतका कार्यक्रममा पहिलो ब्याचमा भर्ना भएका रेजिडेन्ट फेलोहरूका लागि सञ्चालित एनबिएमएस बोर्ड परीक्षा सम्पन्न भएपश्चात पहिलो दीक्षान्त समारोहको आयोजना गरिनेछ ।त्यसपश्चात प्रत्येक वर्ष वा आवश्यकता अनुसार दीक्षान्त समारोह आयोजना गरिनेछ ।तर रेजिडेन्ट फेलो संख्याका आधारमा एक दीक्षान्त समारोह र अर्को दीक्षान्त समारोहबिचको फरक तीन वर्षभन्दा बढी हुनेछैन ।

(३) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले दीक्षान्त समारोह सञ्चालन गर्नका लागि बोर्ड परीक्षामा उत्तीर्ण रेजिडेन्ट फेलोहरूको नामावली, उत्तीर्ण भएको तह, अध्ययन गरेको विषय र उत्तीर्ण गरेको वर्ष जस्ता विवरण उल्लेख भएको पुस्तिका तयार गर्नेछ।सो का लागि निर्देशनालयले आवेदन माग गर्नेछ ।

(४) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको सचिवालयद्धारा तयार पारिएको उपदफा (३) मा उल्लेख भएबमोजिमको नामावली सहितको विवरण निर्देशकले आयोगका उपाध्यक्ष समक्ष पेश गरी स्वीकृतिका लागि कार्यकारी समितिमा पठाउनु पर्नेछ ।

(५) पेश भएको नामावली सहितको विवरण तथा कार्यतालिका कार्यकारी समितिबाट स्वीकृत गरी अनुमोदनका लागि आयोगका अध्यक्ष समक्ष पठाउनुपर्नेछ ।अध्यक्षबाट अनुमोदन भएपश्चात दीक्षान्त समारोहको मिति तय गरी विस्तृत कार्यक्रम प्रकाशित गरिनेछ ।

(६) दीक्षान्त समारोह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी समग्र कार्य नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले गर्नेछ ।

(६) दीक्षान्त समारोह सञ्चालनको विस्तृत प्रकृया सहितको पुस्तिका तयार गरिनेछ । पुस्तिकामा समेटिने विषयबस्तुहरू अनुसुची - ४ बमोजिम हुनेछन् ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

२३. **दीक्षान्त समारोहमा सहभागी हुने आधारहरूः**

आयोगद्वारा आयोजना गरिने दीक्षान्त समारोहमा सहभागी हुनका लागि देहायबमोजिमका आधारहरू पूरा गरेको हुनुपर्नेछ ।

क) रितपूर्वक आवेदन पेश गरेको

ख) तोकिएका मापदण्डहरू पूरा गरी अन्तिम बोर्ड परीक्षा उत्तीर्ण भएको

२४. **दीक्षान्त कार्यक्रम प्रकाशन गरिनेः**

(१) आयोगद्वारा सञ्चालन गरिने दीक्षान्त समारोहमा सहभागिताका लागि आवेदन आव्हान सम्बन्धी संक्षिप्त सूचना राष्ट्रिय स्तरको पत्रिकामा तीस दिनको म्याद दिई कार्यक्रम सञ्चालन हुने मितिभन्दा कम्तीमा तीन महिना अगावै प्रकाशन गरिनेछ भने विस्तृत जानकारीसहितको सूचना आयोगको वेबसाइट मार्फत सार्वजनिक गरिनेछ ।

(२) दीक्षान्त समारोह सम्बन्धी सार्वजनिक सूचनामा देहायबमोजिमका विषयहरू उल्लेख गर्नुपर्नेछः

(क) आवेदन दिने म्याद (आवेदन दिने सुरू र अन्तिम मिति)

(ख) दीक्षान्त समारोहमा भाग लिन पूरा गर्नुपर्ने आधारहरू

(ग) दीक्षान्त समारोह सञ्चालन हुने मिति, समय र स्थान

(घ) दीक्षान्त समारोहमा सहभागी हुनका लागि भर्नुपर्ने आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात र तिर्नुपर्ने शुल्क सम्बन्धी जानकारी

(ङ) समारोहमा सहभागी हुँदा लगाउनुपर्ने पोसाक (गाउन)को प्राप्ति र फिर्ता गर्ने प्रक्रिया

(च) अन्य आवश्यक कुराहरू

२५. **दीक्षान्त समारोहमा भाग लिन आवेदन दिनुपर्नेः**

(१) दीक्षान्त समारोहमा सहभागिताका लागि आवेदन आव्हान भएपछि तोकिएको म्यादभित्र देहायका विवरणसहितका कागजात संलग्न गरी तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछः

(क) आवेदन फारममा माग गरेबमोजिमका कागजात

(ख) बोर्डबाट सञ्चालित अन्तिम परीक्षामा उत्तीर्ण भएको लव्धांकपत्र (ट्रान्सक्रिप्ट)

(ग) तोकिए बमोजिमको फोटो

(घ) बोर्डद्वारा तोकिएको आवेदन शुल्क, सहभागिता शुल्क तथा पोसाक शुल्क, प्रमाणपत्र शुल्क लगायतका शुल्क बुझाउनुपर्नेछ ।

(२) म्याद नाघी आएको आवेदनउपर कुनै कारवाही हुने छैन र आवेदन स्वीकृत नभएसम्म दीक्षान्त समारोहमा समावेश गरिने छैन ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

## २६. दीक्षान्त समारोह सञ्चालन सम्बन्धी प्रक्रियाः

(१) दीक्षान्त समारोह सञ्चालन प्रक्रिया नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) दीक्षान्त समारोहमा आयोगका अध्यक्ष, बिशिष्ठ अतिथि तथा सहअध्यक्षहरू र उपाध्यक्ष अतिथिका रूपमा रहनु हुनेछ ।समारोहको अध्यक्षता नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटजका अध्यक्ष तथा निर्देशकले गर्नुहुनेछ ।

(३) दीक्षान्त समारोहमा अतिथिका रूपमा विश्वविद्यालयहरूका उपकुलपतिहरू, विश्विद्यालय तथा प्रतिष्ठानका रेक्टरहरू, डीनहरू, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष/सदस्य, शिक्षा तथा स्वास्थ्य मन्त्रालयका सचिव तथा सहसचिवहरू, आयोगका सदस्यहरू, एनबिएमएस कार्यक्रम सञ्चालन भएका संस्थाहरूबाट फ्याकल्टी लगायतका प्रतिनिधिहरू एबम् अन्य लब्धप्रतिष्ठित व्यक्तित्वहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(४) रेजिडेन्ट फेलोहरूलाई उपलब्ध गराइने प्रमाणपत्रमा आयोगका उपाध्यक्ष र बोर्डका अध्यक्षद्वारा तथा एकीकृत लव्धाङ्कपत्रमा (ट्रान्सकृप्ट) बोर्डका अध्यक्ष र परीक्षा प्रमुखद्वारा प्रमाणित हुने व्यवस्था गरिनेछ ।

(५) दीक्षान्त समारोहका प्रमुख अतिथि, विशिष्ट अतिथि लगायत समारोहमा समावेश हुने अतिथि र पाहुनाहरूलाई निमन्त्रणा गर्ने कार्य कार्यकारी समितिको परामर्शमा बोर्डले निर्धारण गर्नेछ।

(६) सामान्यतया दीक्षान्त समारोहको सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछः

**(अ) दीक्षान्त कार्यक्रममा आगमन र आसन ग्रहण**

(क) आयोगका अध्यक्षको आगमन (समयसमेत निर्दिष्ट हुनेछ )

(ख) प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरूको आगमन ((समयसमेत निर्दिष्ट हुनेछ)

(ग) दीक्षान्त मण्डपमा प्रोसेसन प्रवेश ( सबैको नाम र समयसमेत निर्दिष्ट हुनेछ) यस कार्यक्रममा साङ्गीतिक बाद्यवादनसहित प्रोसेसन प्रारम्भ हुने र प्रोसेसन हलभित्र प्रवेश गर्दा सम्पूर्ण महानुभावहरू उठ्नुहुनेछ र आसन ग्रहण सम्पन्न नहुन्जेल उभिइरहन निर्देशित गरिनेछ ।

**(आ) दीक्षान्त मण्डपमा सम्पन्न हुने कार्यक्रमहरू**

(क) बटुकहरूद्वारा स्वस्ति वाचन

(ख) राष्ट्रिय गान

(ग) बोर्डको आदर्श वाक्य (निर्धारित भएमा बोर्डका अध्यक्षबाट प्रस्तुत हुने)

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

(घ) स्वागत मन्तव्य- बोर्डका अध्यक्षबाट

(ङ) आयोगका अध्यक्षबाट दीक्षान्त समारोह प्रारम्भको आज्ञा

(च) उपाधि प्राप्त गर्न योग्य ठहरिएका रेजिडेन्ट फेलोहरूको उपस्थितिः राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ (झ) बमोजिम उपाधि प्राप्त गर्ने योग्य रेजिडेन्ट फेलोहरूलाई बोर्डका सदस्य सचिवबाट क्रमशः उपस्थित गराइनेछ।

(छ) प्रतिज्ञाः आयोगका अध्यक्षले आसनबाट उठेका स्नातकहरूलाई निर्दिष्ट प्रतिज्ञा गराउनुहुनेछ ।

(ज) उपाधि प्रदान गर्न निवेदनः आयोगका सदस्य सचिव वा परीक्षा प्रमुखले उपाधि प्रदान गर्न अध्यक्ष समक्ष निवेदन गर्नुहुनेछ ।

(झ) अनुपस्थितिमा उपाधि प्रदान गर्ने निवेदनः उपाधि पाउन योग्य ठहरिएका तर दीक्षान्त समारोहमा उपस्थित हुन नसकेका रेजिडेन्ट फेलोहरूलाई सो उपाधि प्रदान गर्ने अनुमतिका लागि आयोगका सदस्य सचिव वा परीक्षा प्रमुखले अध्यक्ष समक्ष निवेदन गर्नुहुनेछ ।

(ञ) दीक्षा वाक्य समुच्चारणः आयोगका अध्यक्षबाट उठिरहेका रेजिडेन्ट फेलोहरूलाई निर्दिष्ट दीक्षा वाक्यद्वारा सम्बोधन गर्दै आज्ञा हुनेछ ।

(ट) दीक्षान्त भाषणः विशिष्ट अतिथिबाट दीक्षान्त भाषण हुनेछ ।

(ठ) पदक प्रदानः रेजिडेन्ट फेलोहरूलाई कुनै पदक प्रदान गर्ने कार्यक्रम भएमा बिशिष्ठ अतिथि/प्रमुख अतिथि तथा अध्यक्षबाट पदक प्रदान गरिनेछ ।

(ड) दीक्षान्त समारोहलाई सम्बोधनका लागि आयोगका अध्यक्ष समक्ष अनुरोध गरिनेछ

(ढ) आयोगका अध्यक्षबाट सम्बोधन हुनेछ ।

(ण) उपाधि ग्रहण गर्न रेजिडेन्ट फेलोहरूलाई मञ्चमा आमन्त्रणः सदस्य सचिव वा परीक्षा प्रमुखबाट दीक्षान्त समारोहमा सहभागी क्रमशः स्पेसियालिटी र सबस्पेसियालिटीका रेजिडेन्ट फेलोहरूलाई मञ्चमा आमन्त्रण गरिनेछ ।

(त) उपाधि प्रदानः आयोगका अध्यक्ष तथा प्रमुख अतिथिबाट दीक्षान्त समारोहमा सहभागी भएका क्रमशः स्पेसियालिटी र सबस्पेसियालिटी तहका रेजिडेन्ट फेलोहरूलाई उपाधिको प्रमाणपत्र प्रदान गरिनेछ ।

(थ) दीक्षान्त समारोह समापनः उपाधि प्रदानको कार्यक्रम समाप्त भएपछि आयोगका अध्यक्षको अनुमतिले एनबिएमएस बोर्डका अध्यक्ष/ प्रमुख वा सदस्य सचिवले दीक्षान्त समारोह समापन गर्नुहुनेछ ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

(७) दीक्षान्त समारोहमा दीक्षित हुने सबै सहभागीहरूको उपाधिगत नामावली समावेश भएको पुस्तिका वितरण गरिनेछ ।

**२७. दीक्षान्त समारोहको पोसाक सम्बन्धी व्यवस्थाः**

(१) आयोगद्वारा सञ्चालन गरिने दीक्षान्त समारोहमा अध्यक्ष, सहअध्यक्ष,उपाध्यक्ष प्रमुख अतिथि, अन्य अतिथि तथा बोर्डका सदस्यहरू र रेजिडेन्ट फेलोहरूले लगाउने औपचारिक पोसाक बोर्डले निर्धारण गरेबमोजिम हुनेछ ।

**२८. प्रतिवेदन सार्वजनिक गरिनेः**

(१) आयोगले दीक्षान्त समारोह सम्पन्न भएपछि सम्बन्धित संस्था र दीक्षित रेजिडेन्ट फेलोहरूको विवरणसहित समग्र कार्यकमका बारेमा एक प्रतिवेदन तयार गरी प्रकाशन गर्नेछ ।

## परिच्छेद -१०

## विविध

**२९. समन्वय तथा सहयोगः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले आयोगका अन्य निर्देशनालय, एनबिएमएस कार्यक्रम सञ्चालन भएका संस्था तथा आवश्यकता अनुसार स्वदेशी तथा विदेशी संस्था/निकायहरूसँग परीक्षा तथा मूल्यांकन विधि, उपाधि, मान्यता तथा समकक्षताका सम्बन्धमा समन्वय तथा सहयोग आदान-प्रदान गर्न सक्नेछ ।

**३०. आर्थिक व्यवस्थापनः**

(१) यस कार्यविधि अनुसार नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत सञ्चालित स्पेसियालिटी तथा सबस्पेसियालिटी तहको अन्तिम बोर्ड परीक्षा सञ्चालन तथा दीक्षान्त समारोह सञ्चालनका लागि आवश्यक पर्ने रकम तथा नर्म्स सम्बन्धमा बोर्डले वार्षिक कार्यक्रमको आधारमा प्रस्ताव तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

**३१. गोपनियता सम्बन्धी व्यवस्थाः**

(१) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटजले सञ्चालन गर्ने एनबिएमएस बोर्ड परीक्षा सम्बन्धी गोपनियता कायम गर्नुपर्ने विषयहरूको सूची तयार गरी कार्यकारी समितिबाट स्वीकृत गराई सोही बमोजिम कार्य गर्न सक्नेछ ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

**३२. <u>कार्यविधि संसोधनः</u>**

(१) चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिले बोर्डको सिफारिसमा यो कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

**३३. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u>**

(१) यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै जटिलता उत्पन्न भएमा चिकित्सा शिक्षा आयोग, कार्यकारी समितिले निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

# अनुसूची-१

## परीक्षाको ढाँचा तथा अंकभार

A. Theory Examination: Full Marks — 300, Pass Marks 50% (Each Subject)

| Year | Subject | Type | Full marks | | Weightage |
|---|---|---|---|---|---|
| 3 | Paper I: Basic Applied Science | Written | 100 | | 100% |
| .3 | Paper: II Discipline Related Subjects | Written | 100 | | |
| 3 | Paper III: Recent advances & Specialties | Written | 100 | | |
| 1,2,3 | Internal Assessment | Written, (Twice a year) | 100 | Qualifying for Board Examination | None |

B. Practical Examination: Full Marks — 300, Pass Marks 50% (Each Subject)

| Year | Subject | Type | Full Marks | Weightage |
|---|---|---|---|---|
| 3 | Paper IV: Long case 1, Short case 2 | Clinical | 140 | 100% |
| 3 | Paper V:OSCE/OSPE/TOACS | Multiple Station | 60 | |
| 3 | Paper VI: VIVA VOCE | Oral | 100 | |
| 1,2,3 | Internal Assessment | Clinical/OSCE/OSPE/TOACS/Viva / Written(Twice a year)each Qualifying for Board Examination | 100 | None |
| C | Thesis | Evaluation | | |
| | Log Book | | | |
| | Scientific Article | | | |

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

अनुसूची - २

आवेदन फारमको नमूना

Logo | GOVERNMENT OF NEPAL | Photo

MEDICAL EDUCATION COMMISSION

NATIONAL BOARD OF MEDICAL SPECIALTIES

Application Form for the Board Examination of NBMS Specialty/Sub Specialty

B.S............... (A.D)....................

Name of Institute..............................
Full Name in Block Letter.......................
Full Name in Devanagari...................................

Nationality: Date of Birth: Gender:

Mobile Number: Father's Name:

Mailing Address: Telephone No.:

NBMS Registration No. Exam Roll No.

Examination Passed/year

| Examination | Board/University | Passed Year | Roll no | Division/Percent/GPA |
|---|---|---|---|---|
| S.L.C/S.E.E | | | | |
| 10+2/A Level | | | | |
| Bachelor's Level | | | | |
| Master Level | | | | |

Internal Assessment

| | S.N | Programme Code | Subjects | Internal Assessment Marks obtained | Remarks |
|---|---|---|---|---|---|
| I year | 1. | | | | If Internal Evaluation Marks is below 50% Please write NQ in internal Marks column |
| | 2. | | | | |
| II year | 3. | | | | |
| | 4. | | | | |
| IIIyear | 5. | | | | |
| | 6. | | | | |

Signature of the Applicant

Attendence Percentage:

E-log Book: Verified/Not Verified

Thesis: Submitted/ Not Submitted

(Resident fellower need to submit verified copies of Attendance, e-log Book, Thesis and article Publication)

*पहिलो संशोधनद्वारा संशोधित
+पहिलो संशोधनद्वारा थप

Logo GOVERNMENT OF NEPAL Photo

MEDICAL EDUCATION COMMISSION

NATIONAL BOARD OF MEDICAL SPECIALITIES

Admit Card

B.S……………. (A.D.)………………..

Name of Institute………………………

Full Name in Block Letter:

NBMS Registration No:

Exam Roll No:

Examination Centre:

<u>परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू</u>

१. आफूलाई तोकिएको परीक्षा केन्द्रमा गई बोर्ड परीक्षामा सहभागी हुनुपर्नेछ ।

२. तोकिएको परीक्षा केन्द्रमा आफ्नो सिट प्लान गरेको स्थानमा बसी परीक्षा दिनुपर्नेछ ।

३. परीक्षा शुरू भएको १५ मिनेट भन्दा ढिलो गरी आउने परीक्षार्थीहरूलाई परीक्षा भवनमा प्रवेश गर्न दिइनेछैन ।

४. परीक्षा हलमा मोबायल फोन लगायत निषेध गरिएका उपकरणहरू ल्याउन पाइने छैन ।

५. परीक्षाभवनमा कुनै किसिमका पुस्तक नोट चिट आदि लान पाइने छैन ।परीक्षा हलमा निषेध गरिएका कुराहरू लगेमा त्यस्ता परीक्षार्थीलाई निष्काशन गर्न सकिनेछ ।

६. परीक्षार्थीले आफ्नो हाजिरी अनिवार्य रूपमा गर्नुपर्नेछ ।

७. परीक्षार्थीहरूले परीक्षाको मर्यादा विपरितका कुनै पनि कार्य गर्नुहुँदैन ।

८. परीक्षामा कुनै किसिमको अनियमितता गरेको पाइएमा त्यस्ता परीक्षार्थीहरूको परीक्षा रद्द गर्न सकिनेछ ।

९. तोकिएबमोजिमका आचारसंहिता भित्र रहेर परीक्षा दिनुपर्नेछ ।

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

## अनुसुची - ३

## दफा २० को उपदफा ३ सँग सम्बन्धित

## *पुनर्योग आवेदनको ढाँचा

**मितिः-**

............/......./......

श्रीमान निर्देशकज्यू

नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

चिकित्सा शिक्षा आयोग सानोठिमी भक्तपुर ।

**विषयः पुनर्योग सम्बन्धमा ।**

नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज परीक्षा समितिबाट मिति मा प्रकाशित स्पेसियालिटी/सबस्पेसियालिटी तहको तपसिल बमोजिमको कार्यक्रमको नतिजामा चित्त नबुझेकोले पुनर्योग गर्ने प्रयोजनका लागि देहायको विवरण र कागजातहरू सहित यो निवेदन पेश गरेको छु ।

विवरण/कागजातहरू

१. रू.१०००।- शुल्क दाखिला गरेको सक्कल बैंक भौचर

२. प्रवेश पत्रको प्रतिलिपि

३. मार्कसिटको प्रतिलिपि

शैक्षिक कार्यक्रम/विषयः

परीक्षा रोल नम्बरः

एनबिएमएस रजिष्ट्रेशन नम्बरः

प्राप्ताङकः

सम्पर्क मोबाइल/फोन नम्बरः

निवेदक

दस्तखतः

नाम थरः

मिति :

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

## अनुसुची -४
## दीक्षान्त समारोह सञ्चालन पुस्तिकामा समेटिने विषयहरू

- शिर्षक- दीक्षान्त समारोह सञ्चालन सम्बन्धी पुस्तिका
- आवेदन फारमको नमूनाः वर्ष/सेसन, तह, कार्यक्रम
- दीक्षान्त आवेदन शुल्क
- गाउनः रङ तथा डिजाइन
- दीक्षित हुने रेजिडेन्ट फेलोहरूको स्वीकृत नामावली
- दीक्षान्त समारोहको स्थान, मिति र समय
- कार्यक्रम सञ्चालन प्रक्रिया/मोडालिटी
- कार्यक्रम सञ्चालन सम्बन्धी कार्यतालिका तथा कार्यविभाजन
- दीक्षान्त समारोहको प्रोसेशन सम्बन्धी व्यवस्था
- प्रमुख अतिथि/विशिष्ट अतिथि/अतिथिहरूको सूची तथा वाचन गर्ने मन्तव्य
- दीक्षित गर्ने प्रक्रिया
- फोटोग्राफी सम्बन्धी व्यवस्था
- मोबाइल फोन तथा अन्य डिभाइस सम्बन्धी व्यवस्था
- सुरक्षा सम्बन्धी व्यवस्था
- आवश्यक अन्य विषयवस्तुहरू

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

# अनुसुची - ५
## प्रमाणपत्रको नमूना

Logo

NBMS Regd No
Photo

**Nepal Government**
**Medical Education Commission**
**National Board of Medical Specialties**
**Sanothimi, Bhaktapur, Nepal**

***National Board of Medical Specialties, Medical Education commission Nepal has conferred upon Dr …………….……………….. (Name), the degree of National Board of Medical Specialties (NBMS) …………….………………..(Specialty/Sub Specialty - Subject ) in recognition of the fulfillment of all the requirements for this degree in the year…....AD***

***Vice-Chair*** ***Director***

***MEC*** ***NBMS***

*पहिलो संशोधनद्वारा संशोधित
+पहिलो संशोधनद्वारा थप

Issue Number: Logo

NBMS Registration Number:

GOVERNMENT OF NEPAL
MEDICAL EDUCATION COMMISSION
NATIONAL BOARD OF MEDICAL SPECIALITIES

Final Board Examination of NBMS Specialty/Sub Specialty

ACADEMIC TRANSCRIPT

Name:

Date of Birth:

Name of Institute: Level:

| Subjects | Full Marks | Pass Marks | Marks Obtained | | Total Marks | Remarks |
|---|---|---|---|---|---|---|
| First Year<br>Internal Assessment<br>1.<br>11. | | | TH | PR | | |
| Total | | | | | | |
| Second Year<br>Internal Assessment<br>1.<br>11. | | | | | | |
| Total | | | | | | |
| Third Year<br>Internal Assessment<br>1.<br>11. | | | | | | |
| | | | | | | |
| Grand Total | | | | | | |

Percentage of Aggregate marks:

GPA (If applicable)

Batch:
Year of Completion

Passed Year:

Date of Issue:

Checked By: Verify By: Certified By:

*पहिलो संशोधनद्वारा संशोधित

+पहिलो संशोधनद्वारा थप

Issue Number: Logo

NBMS Registration Number:

GOVERNMENT OF NEPAL
MEDICAL EDUCATION COMMISSION
NATIONAL BOARD OF MEDICAL SPECIALITIES

Final Board Examination of NBMS Specialty/Sub Specialty

ACADEMIC TRANSCRIPT

Name:
Date of Birth:

Name of Institute: Level:

| Subjects | Full Marks | Pass Marks | Marks Obtained | Internal Evaluation | Remarks |
|---|---|---|---|---|---|
| Theory Examination<br><br>1.Basic applied Science<br>11. Specialty Specific<br>111. Recent Advances | 300<br><br>100<br>100<br>100 | <br><br>50<br>50<br>50 | | Qualified/<br>Non Qualified | |
| Total | | | | | |
| Practical Examination<br>1V. Long case/ Short case<br>V. OSCE/OSPE/TOACS<br>VI. VIVA VOCE | 300<br>100<br><br>100<br>100 | <br>50<br><br>50<br>50 | | Qualified/<br>Non Qualified | |
| Total | | | | | |
| Thesis | | | Approved/Evaluated | | Submitted |
| E-Logbook | | | | | Submitted |
| Scientific Article | | | | | Published |

Batch: Percentage of Aggregate marks:

Year of Completion GPA (If applicable)

Passed Year:

Date of Issue:

Checked By: Verify By: Certified By:

*पहिलो संशोधनद्वारा संशोधित
+पहिलो संशोधनद्वारा थप